**मधेश आन्दोलन का शहीद परिवारलाई  दुधालु गाई वा भैसी वितरण कार्यक्रम संचालन कार्यविधि २०७५**

**प्रदेश न.२ को मंत्री परिषदबाट मिति................. मा स्वीकृत भएको**

## १ पृष्ठभुमि

२०६२/६३ मा भएको पहिलो मधेश आन्दोलन तथा तत् पश्चातका विभिन्न चरणहरुमा भएको मधेश आन्दोलनको कममा प्रदेश २ का विभिन्न ८ वटा जिल्लाहरुको आन्दोलनकारीहरुको मृत्यु भई तिनका घरपरिवार विचलित भएका छन् । ती जिल्लाहरुका शहीद परिवारहरुको आर्यआर्जन प्रत्यक्ष रुपमा प्रभावित भई ती परिवारको जीविकोपार्जनमा समेत समस्या देखिएकोले खाद्य तथा  पोषण सुरक्षाका साथै आयआर्जनमा समेत सुधार ल्याउनको लागि पशुपालन एउटा महत्वपुर्ण माध्यम हुन सक्दछ । यसर्थ मधेश आन्दोलनको शहीद परिवारहरुलाई लक्षित गरि उन्नत नश्लका **दुधालु गाई वा भैसी** उपलब्ध गराई आयआर्जन तथा जिविकोपार्जनमा मदत पुरयाउनका लागि र कार्यकमको संचालन प्रकृयालाई व्यवस्थित गर्न यो कार्यविधि तयार गरिएको छ ।

१.१. संक्षिप्त नाम र प्रारम्भ

क) यो कार्यविधिको नाम **मधेश आन्दोलन का शहीद परिवारलाई दुधालु गाई वा भैसी  वितरण कार्यक्रम  संचालन कार्यविधि २०७५** हुनेछ ।

ख) यो कार्यविधि **स्विकृत भएको मिति** देखि लागु हुनेछ ।

## २ उद्धेश्य

यो कार्यक्रमको मुख्य उद्धेश्य प्रदेश २ का मधेश आन्दोलनबाट पीडित शहीद परिवारहरुलाई उन्नत नश्लको **दुधालु गाई वा भैसी** उपलब्ध गराई दुध उत्पादनमा बृद्धि तथा आयआर्जनमा सुधार ल्याउनु र ती परिवारको जीवनयापनलाई सहज बनाउनु रहेको छ ।

## ३ कार्यक्रम संचालन सम्बनधी व्यवस्था

**३.१ कृषक छनौट :**

३.१.१ : मधेश आन्दोलन २०६२।६३ तथा तत्पश्चातको विभिन्न समयमा भएको मधेश आन्दोलनको क्रममा पीडित शहीद परिवारको विवरण प्रदेश २ का विभिन्न आठ वटा जिल्लाहरुको जिल्ला प्रशासन कार्यालयहरुबाट माग गरिनेछ ।

३.१.२ : जिल्ला प्रशासन कार्यालयहरुबाट प्राप्त विवरणको आधारमा पीडित शहीद परिवारको घरमा पुगि पशुपालन गर्ने ईच्छुक व्यक्ति वा परिवारको लगत संकलन तथा भौतिक पुर्वाधार (गोठ खोर) को स्थलगत अवलोकन गरि पशुपालन कार्यक्रममा सहभागी हुने ईच्छुक व्यक्तिहरुको संख्या यकिन गरिनेछ । लगत संकलन गर्ने क्रममा ईच्छुक व्यक्तिहरुबाट **अनुसुची १ बमोजिमको निवेदन तथा अनुसुची २ बमोजिमको प्रतिबद्धता पत्र संकलन गरिनेछ ।**

३.१.३ स्थलगत अवलोकन पश्चात स्वीकृत कार्यक्रमको लक्ष्य बमोजिम पीडित शहीद परिवारको संख्या यकिन गरि प्रथमिकता क्रम अनुसार अनुदान उपलब्ध गराउने परिवारको छनौट गरिनेछ ।

३.१.४ : छनौट भएको परिवारहरुलाई प्रति परिवार एक **दुधालु गाई वा भैसी** उपलब्ध गराईनेछ ।

**३.२ बोलपत्र आहवानको सुचना प्रकाशन :**

पशु सेवा विभागको स्वीकृत प्राविधिक मापदण्डलाई आधार मानी गाईमा कम्तीमा दैनिक ८ लिटर तथा भैसीमा ५ लिटर दुध दिने उन्न्त नश्लको **दुधालु गाई वा भैसी** खरिदको लागि दर्ताबाल फर्म बीच शीलबन्दी बोलपत्रको माध्यमबाट भूमि व्यवस्था कृषि तथा सहकारी मंत्रालयले **दुधालु गाई वा भैसी** वितरण सम्बन्धी स्वीकृत बार्षिक कार्यक्रमको लागि सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम राष्ट्रियस्तर वा प्रादेशिक स्तरको पत्रिाका मा सुचना प्रकाशन गरि आपुर्ति कर्ता छनौट गर्नेछ ।

**३.३ दुधालु गाई वा भैसी खरिद तथा वितरण प्रकृया :**

३.३.१ दफा ३.२ अनुसार छनौट भएका आपुर्तिकर्ताले **दुधालु गाई वा भैसी** संकलन गरेको जानकारी यस मंत्रालयलाई गराए पछि **दुधालु गाई वा भैसी** को स्वास्थ्य परिक्षण र तोकिएको प्रााविधिक मापदण्डको जाँच गर्नको लागि देहाय बमोजिमको ५ सदस्यीय एक प्राविधिक समिति रहनेछ ।

पशुपंक्षी विकास महाशाखा प्रमुख : संयोजक

क्षेत्रिय पशु रोग अन्वेषण प्रयोगशाला प्रमुख वा अधिकृत प्रतिनिधि : सदस्य

पशु क्वारेनटाईन कार्यालय जनकपुर प्रमुख वा अधिकृत प्रतिनिधि : सदस्य

सम्बन्धित जिल्ला पशु सेवा कार्यालयको प्रमुख वा अधिकृत प्रतिनिधि : सदस्य

**पशुपंक्षी विकास महाशाखा को पशु चिकित्सक : सदस्य सचिव**

३.३.२ यस प्राविधिक समितिले जाँच गरि सिफारिस गरेको **दुधालु गाई वा भैसी** लाई कृषकलाई वितरण गर्नु पुर्व टयागिंग तथा मान्यता प्राप्त पशु बीमा कम्पनीबाट एक बर्षको लागि उक्त **दुधालु गाई वा भैसी** को बीमा गराउने काम सम्बन्धित आपुर्ति कर्ताले गर्नु पर्नेछ ।

३.३.३ दफा ३.३.२ अनुसारको टयागिंग तथा बीमित **दुधालु गाई वा भैसी** सम्बन्धित कृषकको घरदैलोमा पुरयाउने काम तथा कृषकलाई एक हप्ता अगावै जानकारी गराउने काम सम्बन्धित आपुर्ति कर्ताले गर्नु पर्नेछ र यस कार्यमा सहजकिरण उक्त स्थानीय तहको पशु सेवा शाखाले गर्नेछ ।

३.३.४ कृषकले अनुदान स्वरुप प्राप्त गरेको **दुधालु गाई वा भैसी** हरुलाई कम्तिमा ३ बर्ष सम्म बेचबिखन गर्न नपाईने, अरुलाई उपहार वा पेवा स्वरुप दिन नपाईने र पशुपालनको लागि अपनाईने असल अभ्यास पद्धतिलाई अवलम्वन गरि पशुपालन व्यवसायलाई निरनतरता दिनेछु भनी लिखित प्रतिबद्धता **दुधालु गाई वा भैसी** प्राप्त गर्नु भन्दा अगावै पेश गर्नु पर्नेछ । **साथै अनुसुची ३ बमेजिमको कृषक र मंत्रालय बीच संझौता गर्नु पर्नेछ ।**

३.३.५ दफा ३.३.३ अनुसार अनुदान स्वरुप प्राप्त गरेको **दुधालु गाई वा भैसी** लाई बेचबिखन गरेको वा अरुलाई उपहार वा पेवा स्वरुप दिएको भनी अनुगमनको कममा प्राप्त भएमा उक्त **दुधालु गाई वा भैसी** खरिदको बखत लागेको रकम सम्बन्धित कृषकले तिर्नु पर्नेछ ।

## ३.४ पशु सेवा सम्बन्धी आधारभुत व्यवसथापन

दफा ३.१ अनुसार छनौट भै दफा ३.३.३ अनुसारको **दुधालु गाई वा भैसी** प्राप्त गरेको कृषकले **दुधालु गाई वा भैसी** को लागि आवशयक पर्ने गोठ, पशु आहारा, पशु स्वास्थय र पशु प्रजनन सम्वन्धी सम्पुर्ण व्यवसथापन कृषक स्वयंले मिलाउनु पर्नेछ । कृषकले **दुधालु गाई वा भैसी** प्राप्त गरि सकेको विवरण प्राप्त भएको खण्डमा गोठ व्यवस्थापन, ~~पशु आहारा, उपचार, पशु प्रजनन, फार्म उपकरण खरिद आदि~~ कार्यको लागि पहिलो पटक एक पटकको लागि मात्र प्रति कृषक एकमुष्ट नगद अनुदान स्वरुप रु ३०,००० ( तीस हजार) मात्र बैंक खाता मार्फत यस मन्त्रालयले उपलब्ध गराउनेछ ।

**३.५ अनुदान रकमको भुक्तानी सम्बनधी  व्यवस्था :**

दफा ३.१ अनुसार छनौट भै दफा ३.३.३ अनुसारको **दुधालु गाई वा भैसी** कृषकले बुझेको भरपाई , बीमित **दुधालु गाई वा भैसी** को बीमा गरेको प्रमाणपत्रको छायाँ प्रति तथा प्राविधिक समितिले सिफारिस गरेको पत्र राखी भुक्तानकिो लागि मन्त्रालयमा पेश गर्नु पर्नेछ । मन्त्रालयले मनासिब देखेको खण्डमा आर्थिक नियमानुसार एकमुष्ट वा दुई  किस्तामा बैंक खाता मार्फत भुक्तानी दिनेछ । कार्यक्रम संचालनको लागि सार्वजनिक खरिद ऐन नियमावली बमोजिम मात्र भुक्तानी हुनेछ ।

**४. विविध**

क) यस कार्यविधि बमोजिम संचालन हुने **मधेश आन्दोलन का शहीद परिवारलाई दुधालु गाई वा भैसी वितरण कार्यक्रम** कार्यान्वयनको दौरान कुनै भ्रम वा विवाद श्रृजना भएमा **भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश न २** को  निर्णय अन्तिम हुनेछ ।

ख) सम्बन्धित शहिद परिवारले यस मंत्रालय तथा  मातहतका निकायबाट हुने अनुगमन, निरिक्षण, र अवलोकन भ्रमणमा पुर्ण सहयोग गर्नु पर्नेछ ।

ग) कार्यक्रम कार्यानवयन सम्बन्धमा यस निर्देशिकामा उल्लेख भएका हकमा सोही बमोजिम र अन्यका हकमा प्रचलित  कानून बमोजिम हुनेछ ।

**५ संशोधन तथा खारेजि**

यस कार्यविधिमा समय सापेक्ष संशोधन वा खारेजि आवश्यक रहेको ठानेमा प्रदेश न २, मन्त्री परिषद ले आवश्यकता अनुसार संशोधन वा खारेजी गर्न सक्नेछ ।

अनुसुची १

कार्यविधिको बुँदा ३.१.२ संग सम्बन्धित

**निवेदनको ढाँचा**

श्रीमान् प्रमुख ज्यू

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश न २

जनकपुरधाम, धनुषा

विषय : पशुपालन कार्यमा सहभागी हुन पाऊं भने बारे ।

प्रस्तुत विषयमा ताँहा मन्त्रालयको सुचना मुताविक शहीद परिवारहरुको जीविकोपार्जन, पोषण सुरक्षाका साथै आयआर्जनमा सुधार ल्याउनको लागि पशुपालन एउटा महत्वपुर्ण माध्यम हुन सक्ने भनी मधेश आन्दालनको शहीद परिवारलाई लक्षित गरि उन्नत नश्लको **दुधालु गाई वा भैसी** उपलब्ध गराउने कार्यक्रममा सहभागी हुनको लागि ईच्छुक रहेकोले यो निवेदन पेश गरेको छु ।

निवेदकको नाम ............................................................

हस्ताक्षर : ..........................................................

स्थायी ठेगाना : ....................................................

सम्पर्क नं : .......................................

हाल बसोबास गरि रहेको स्थान (स्थायी ठेगाना भन्दा फरक भएमा मात्र).......................................

**निवेदन साथ पेश गर्ने कागजातहरु**

- नेपाली नागरिकताको प्रतिलिपी तथा शहिद संगको नाता प्रमाणित
- पशुपालन गर्ने प्रतिबद्धता पत्र
- स्थानीय तहको सिफारिस पत्र
- शहिदको प्रमाण पत्रको प्रतिलिपी

अनुसुची २

कार्यविधिको बुँदा ३.१.२ संग सम्बन्धित

**प्रतिबद्धता पत्रको ढाँचा**

श्रीमान् प्रमुख ज्यू

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश न २ जनकपुरधाम धनुषा

विषय : प्रतिबद्धता पत्र पेश गरेको बारे ।

प्रस्तुत विषयमा ताँहा मन्त्रालय/प्रादेशिक कार्यालयको सुचना मुताविक मधेश आन्दालनको शहीद परिवारलाई लक्षित गरि उन्नत नश्लको **दुधालु गाई वा भैसी** उपलब्द्ध गराउने कार्यक्रम अन्तरगत अनुदान स्वरुप प्राप्त गरेको **दुधालु गाई वा भैसी** लाई कम्तमिा ३ बर्ष सम्म बेचविखन नगर्ने, अरुलाई उपहार वा पेवा स्वरुप नदिने र पशुपालनको लागि अपनाईने असल अभ्यास पद्धति अवलम्बन गरि आयआर्जन गर्नेछु भनी लिखित प्रतिबद्धता पेश गरेको छु । **दुधालु गाई वा भैसी** बेचबिखन वा अरुलाई पेवा /उपहार दिएको खण्डमा **दुधालु गाई वा भैसी** खरिद गर्दा लागेको खर्च समेत बेर्होनेछ भनी मेरो मंजुरी हुनेछ ।

निवेदकको नाम ............................................................

हस्ताक्षर : ..........................................................

स्थायी ठेगाना : .....................................................

हाल बसोबास गरि रहेको स्थान (स्थायी ठेगाना भन्दा फरक भएमा मात्र).......................................

अनुसुची ३

कार्यविधिको बुँदा ३.३.४ संग समबन्धित

**मधेश आन्दोलन का शहीद परिवारलाई दुधालु गाई वा भैसी वितरण कार्यक्रम संचाालनको लागि गरिने सम्भौता पत्र**

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश न २ जनकपुरधाम धनुषा बाट संचालन गरिने आ.व. .....................को स्वीकृत **मधेश आन्दोलन का** पीडित **शहीद परिवारलाई दुधालु गाई वा भैसी वितरण कार्यक्रम** संचालन गर्न भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश न २ जनकपुरधाम धनुषा (यसपछि प्रथम पक्ष भनिने) र छनौट भएका **मधेश आन्दोलन का शहीद परिवार** ............................................ (यसपछि दोश्रो पक्ष भनिने) का विच तपसिलका शर्तनामाहरुको अधिनमा रही कार्यक्रम सञ्चालन गरी सम्पन्न गर्न द्विपक्षिय सम्झौता गरिएको छ ।

**तपसिल**

१. प्रथम पक्षले दोश्रो पक्षलाई कार्यक्रममा उल्लेख भए अनुसारको **दुधालु गाई वा भैसी** उपलब्ध गराउने छ ।
२. प्रथम पक्षबाट अनुदान स्वरुप प्राप्त गरेको **दुधालु गाई वा भैसी** लाई दोश्रो पक्षले कम्तिमा ३ बर्ष सम्म बेचबिखन गर्ने अरुलाई उपहार वा पेवा स्वरुप दिन पाउने छैन र पशुपालनको लागि अपनाईने असल अभ्यास पद्धतिलाई अवलम्बन गरि पशुपालन व्यवसायलाई निरनतरता दिनु पर्नेछ ।
३. पशुपानको लागि आवश्यक पर्ने गोठ, दानापानी, औषधी, खोप तथा आक्समिक रुपमा पशु विरामी परेमा सोको व्यवस्थापन दोश्रो पक्षले स्वयम् गर्नु पर्नेछ ।
४. यस सम्झौतामा उल्लेखित काम गर्दा परि आउन सक्ने कुनै पनि भवितव्यको पुर्ण जिम्मेवारी दोश्रो पक्षको हुनेछ ।
५. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश न २ र यस मातहतका निकायहरुबाट गरिने/गराइने अवलोकन भ्रमण, अनुगमन तथा निरिक्षण र अनुसन्धान जस्ता कार्यहरु गर्नका लागि दोश्रो पक्षले पहिलो पक्षलाई सहयोग गर्नेछ ।
६. यस सम्झौतामा उल्लेख नभएका कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।
७. **उपरोक्त शर्तहरु मंजुर गरी सहि छाप गरि दियौं /लियौं ।**

| **प्रथम पक्षवाट** | **दोश्रो पक्षबाट** |
|---|---|
| स्ही :<br>नाम: :<br>पद: :<br>कार्यालय: :<br>कार्यालयको छाप : | स्ही :<br>नाम:<br><br>ठेगाना : |
| इति सम्वत ............................................................................शुभम् । | |